मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मकरान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.सं. (Ref.) : २०७८।७९
च.नं. (Dispatch no.) १६०६२

विषय : सूचना प्रचार प्रसार सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
मकवानपुरगढी गाउँपालिका

प्रस्तुत विषयमा नक्शा पास मापदण्ड, २०७७ लागू हुनु भन्दा अगावै निर्माण भएका पुराना घरहरुको आगामी २०७९ असार मसान्त सम्म अभिलेखिकरण गर्ने म्याद थप सम्बन्धि सूचना यसै पत्र साथ संलग्न छ । पत्रबाटै व्यहोरा अवगत गरि चालु आर्थिक वर्ष भित्र मापदण्ड लागू हुनु भन्दा अगावै निर्माण भएका घर भवनहरुको अभिलेखिकरण कार्यमा सहभागी गराउने सम्बन्धमा सूचना पाटीमा सूचना टाँस गर्नुहुन तथा प्रचार प्रसार गर्नु गराउनुहुन अनुरोध छ ।

२०७८।१०।०५

(रामकुमार पुडासैनी)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मकरान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.सं. (Ref.) : २०७८।७९
च.नं. (Dispatch no.)

## घर नक्शा अभिलेखिकरण म्याद थप सम्बन्धी सूचना ।

सूचना प्रकाशन मिति : २०७८/१०/०५

उपरोक्त सम्वन्धमा यस गाउँपालिकाले गत आर्थिक वर्ष २०७७/०७८ देखि नै नँया निर्माण हुने भुकम्प प्रतिरोधि घरहरुको नियमानुसार नक्शा पास गर्ने कार्यक्रम सुरु गरेको व्यहोरा सर्वविदितै छ । नक्शा पास कार्य सुरु हुनु भन्दा अगावै बनिसकेका पुराना घरहरु, निर्माणाधिन अवस्थामा रहेका घर, भवन तथा संरचनाहरुको नियमानुसार नक्शा पासको दरमा राजश्व बुझाई सोही आर्थिक वर्षका खातिर अभिलेखिकरण कार्य गर्दै आइरहेकोमा अधिकाश सेवाग्रहीहरु अभिलेखिकरण कार्यमा अझै पनि सहभागी भएको नपाइएकोले नक्शा पास मापदण्ड, २०७७ लागू हुनु भन्दा अगावै निर्माण भएका, निर्माणाधिन अवस्थामा रहेका भुकम्प प्रतिरोधी मैत्री भवन तथा संरचनाहरुको अभिलेखिकरण गर्ने म्याद कार्यपालिकाको निर्णय अनुसार चालु आर्थिक वर्षको अन्तसम्म अर्थात आगामी २०७९ असार मसान्त सम्म थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सो म्याद भित्र पनि अभिलेखिकरण नगरे नगराएमा आगामी आर्थिक वर्षदेखि अनिवार्य रुपमा नक्शा पास दस्तुरमा जरिमाना थप गरेरमात्र अभिलेखिकरण गरिने व्यहोरा सूचित गरिन्छ ।

*पुनश्च: यो सूचना नक्शा पास मापदण्ड लागू हुनुभन्दा अगावै निर्मित घर भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनको लागि जारी गरिएकोले नक्शा पास मापदण्ड लागूभएपश्चात निर्माण गर्ने नँया भुकम्प प्रतिरोधि घरहरुको अनिवार्य नक्शा पास गरेरमात्र निर्माण गर्नुहुन जानकारी गराइन्छ । साथै यस सूचनाको वर्खिलाप हुने गरी नक्शा पास नगरी घर भवन बनाएको पाइएमा कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचीत गरिन्छ ।*

(रामकुमार पुडासैनी)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत